# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

## गभर्नर-विश्व बैंक उपाध्यक्ष भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग विश्व बैंकका एसिया प्रशान्त क्षेत्रीय उपाध्यक्ष Isabel Guerrero को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले चैत ६ गते भेट गऱ्यो । भेटमा नेपालको समष्टिगत आर्थिक अवस्थाका साथै विश्व बैंकद्वारा नेपाललाई प्रदान गर्ने सहयोग तिनको अवस्था तथा आगामी कार्यक्रमका बारेमा विचार आदान प्रदान भएको थियो ।



भेटमा गभर्नर खतिवडाले मुलुकको समष्टिगत आर्थिक स्थितिका विभिन्न पक्षहरू आर्थिक वृद्धि, वित्तीय क्षेत्र स्थायित्व, व्यापार, मुद्रास्फीति, विदेशी मुद्रा सञ्चिति लगायतको अवस्था र चुनौती विषयमा सङ्क्षिप्त प्रकाश पार्नुभएको थियो । उहाँले गत वर्षको तुलनामा बाह्य क्षेत्र कमजोर रहे पनि विदेशी विनिमय सञ्चिति सहज अवस्थामा रहेको जानकारी गराउनुभएको थियो । उहाँले राजनैतिक सङ्क्रमणका बाबजुद नेपालको वित्तीय क्षेत्रमा जनविश्वास बढ्नुको परिणाम सो क्षेत्रमा बचत बढ्दै गएको, पुँजी पर्याप्तता अनुपात, कर्जा निक्षेप अनुपात, निष्कृय कर्जा अनुपात लगायत अधिकांश वित्तीय परिसूचक सकारात्मक रहेको, समष्टिमा वित्तीय प्रणालीमा कुनै प्रणालीगत जोखिम नरही वित्तीय क्षेत्र स्थायित्व कायम रहेको र यसबाट लगानीका लागि अनुकूल वातावरण समेत बनेको विचार व्यक्त गर्नुभएको थियो । उहाँले नेपालको मूल्यस्थिति, नेपालले अवलम्बन गरेको विनिमयदर प्रणाली, आपूर्ति प्रणाली लगायतका विषयमा समेत प्रकाश पार्नुभएको थियो ।

भेटमा उहाँहरूबीच नेपालको संक्रमण कालको आर्थिक अवस्था, बाह्य स्रोत परिचालन, वैदेशिक लगानी, अनौपचारिक वित्तीय बजार, वित्तीय क्षेत्र सुपरिवेक्षण, आधार दर तथा मर्जर नीतिको कार्यान्वयन, सरकारी स्वामित्वका बैंकको वित्तीय अवस्था तथा चुनौती लगायतका विषयमा समेत विचार आदान प्रदान भएको थियो । साथै, नेपालमा विश्व बैंकले गर्न सक्ने सहयोगका क्षेत्रमा समेत विचार विमर्श गरिएको थियो । सो भेटमा गभर्नर खतिवडाले विश्व बैंकले नेपालको विकास साझेदारका रूपमा खेलेको भूमिकाका लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

२०६९ चैत ६ गते, मङ्गलवार

गभर्नरको कार्यालय